Livingston Community Gardens

# Reynoldsburg सामुदायिक बगैँचा

सामुदायिक बगैँचा (कम्युनिटी गार्डन) ले विविध मानिसहरूलाई विविध अर्थ दिन्छ । केही मानिसहरूका लागि, सामुदायिक बगैँचा भनेको साथी र छिमेकीहरूसँग मिलेर खाद्यान्न, फूल र जडिबुटीहरू हुर्काउने स्थान हो । अरू मानिसहरूका लागि, यो प्रकृतिसँग पुनः जोडिने र शारीरिक व्यायाम गर्ने स्थान हो ।

सफल तथा व्यावसायिक सामुदायिक बगैँचाहरू प्लटलाई सही स्थितिमा राखिराख्ने र समग्रमा बगैँचाको रखरखाव तथा व्यवस्थापनमा योगदान पुऱ्याउने प्रत्येक तथा हरेक गार्डनर (माली) मा निर्भर हुन्छन् । *धेरै हातहरूले कामलाई हलुका बनाउँछन्* भन्ने उक्ति एकदमै उपयुक्त हुन्छ /यदि सबैजना व्यक्तिगत क्षमता र इच्छा अनुसार सहभागी हुन्छन् भने बगैँचा समृद्ध तथा विकसित हुनेछ ।

सामुदायिक गार्डनिङमा व्यक्ति, परिवार तथा समुदायहरूका साथै वातावरणलाई विभिन्न प्रकारका फाइहरूदा प्रदान गर्ने सम्भावना हुन्छ । ती लाभहरूमा निम्न पर्दछन्:

**खाद्यान्न उत्पादन** – सामुदायिक बगैँचाहरूले मानिसहरूलाई आफू, आफ्नो परिवार र आफ्ना समुदायहरूका लागि उच्च गुणस्तरका फलफूल तथा सागसब्जीहरू उब्जाउने अवसर प्रदान गर्छ ।

**पोषण** – केही अनुसन्धानहरूले सामुदायिक गार्डनरहरूले बगैँचा नभएका वा नलगाउने परिवारहरूभन्दा बढी फलफूल र सागसब्जीहरू खान्छन् भनेर उल्लेख गरेका छन् ।

**व्यायाम** – गार्डनिङ (बगैँचाको काम) मा शारीरिक क्रियाकलाप आवश्यक पर्छ र यसले गार्डनरहरूको समग्र शारीरिक स्वास्थ्य सुधार्नमा मद्दत गर्छ ।

**मानसिक स्वास्थ्य** – बिरूवाहरू तथा प्रकृतिसँग अन्तरक्रिया गर्दा त्यसले तनाव घटाउनमा मद्दत गर्छ र गार्डनरको सुस्वास्थ्य तथा अपनत्वको भावनालाई बढाउँछ ।

**समुदाय** – सामुदायिक बगैँचाहरूले गार्डनरहरू माझ समुदायको पहिचान, स्वामित्व र प्रबन्धनको भावनालाई बढाउने गर्छ । तिनीहरूले विविध पृष्ठभूमि भएका मानिसहरूलाई अन्तरक्रिया गर्ने र साँस्कृतिक परम्पराहरू साझा गर्ने स्थान उपलब्ध गराउँछन् ।

**वातावरण** – बगैँचाहरूले सहरहरूमा हुने तापक्रम वृद्धिबाट हुने प्रभावलाई घटाउन, जैविक विविधता बढाउन, वर्षाबाट हुने बाढी कम गर्न, स्थानीय जैविक सामग्रीहरूलाई रिसाइकल गर्न र लामो दूरीको खाद्य यातायातबाट खनिज इन्धनको प्रयोग कम गर्नमा मद्दत गर्छन् ।

**सिकाइ** – सबै उमेरका मानिसहरूले गार्डनिङ, खाना पकाउने, पोषण, स्वास्थ्य, संस्कृति इत्यादिसँग सम्बन्धित सीपहरू र ज्ञान हासिल तथा साझा गर्न सक्छन् ।

**युवा** – सामुदायिक बगैँचाहरूले सुपरिवेक्षणमा रहेका युवाहरूलाई गार्डनिङ, प्रकृति र समुदायलाई जान्न-बुझ्नका लागि स्थान उपलब्ध गराउँछ ।

**माथिका सबै कुराका साथै, सामुदायिक गार्डनिङले सबैजनालाई सन्तुष्टि र उपलब्धिको भावना उपलब्ध गराउन सक्छ ।**

Reynoldsburg
PARKS & RECREATION

# सामुदायिक बगैँचामा सफलता

- उब्जाउने मौसमको बेला आफ्नो बगैँचामा हप्ताको दुईदेखि तीनपटक जाने योजना बनाउनुहोस् । आफै वा अन्य गार्डनरहरूसँग मिलेर बगैँचामा जाने तालिका बनाउनुहोस् । यसलाई आफ्नो पात्रोमा लेख्नुहोस् वा फ्रिजमा रङ्गिन याद दिलाउने कागजमा लेखेर चिप्काउनुहोस् । तपाईंको बगैँचा तपाईंको घरको अगाडि वा पछाडिको ढोकाभन्दा बाहिर हुने नभएकोले कहिलेकाहीँ गोडमेल गर्ने, पानी हाल्ने, टेको लगाउने वा फलेका कुराहरू टिप्ने जस्तो काम छ भनेर सजिलैसँग बिर्सन सकिन्छ ।

- निर्धारित बैठक र कार्य दिनहरूमा उपस्थित हुनुहोस् । यसले तपाईंलाई अन्य गार्डनरहरूसँग भेट गर्न र आफ्नो गार्डनिङ समुदायको हिस्सा बन्नमा मद्दत गर्नेछ । तपाईंले आफ्नो बगैँचालाई सही अवस्थामा राख्नका लागि गर्नुपर्ने विभिन्न काम र परियोजनाहरूका बारेमा पनि जान्नुहुनेछ ।

- अन्य गार्डनरहरूलाई साथी बनाउनुहोस् । अनुभवी गार्डनरहरू तपाईंको बगैँचामा बहुमूल्य स्रोत हुन्छन् । उनीहरूबाट गार्डनिङसम्बन्धी सुझावहरू लिनुहोस् वा उनीहरूको प्लटमा गएर उनीहरूले टमाटरहरूलाई कसरी टेको लगाउँछन् वा सिमीहरूको ट्रेलिस कसरी बनाउँछन् भनेर हेर्नुहोस् ।

- बगैँचाको काम वा समुदायका लागि स्वयंसेवक बन्नुहोस् । सामुदायिक बगैँचाहरूले आफैं आफ्नो व्यवस्थापन गर्न सक्दैनन् । तिनीहरूमा गर्नका लागि एकदमै धेरै काम हुन्छ । निश्चित काम वा परियोजनामा सहभागी भएर तपाईंले समग्र रूपमा बगैँचालाई सहायता प्रदान गर्नुहुनेछ र काम धेरैजना मानिसहरूका बीचमा बाँडिएको छ भनेर सुनिश्चित गर्नुहुनेछ ।

- आफूलाई जानकार गराउनुहोस् । पुस्तकालयबाट ल्याएर किताबहरू हेर्नुहोस् । कक्षाहरूमा सहभागी हुनुहोस् । मास्टर गार्डनर बन्नुहोस् । गार्डनिङका बारेमा सिक्नका लागि केही न केही कुरा सधैं हुने गर्छ । तपाईंले जति धेरै अध्ययन गर्नुहुन्छ तपाईंले त्यति नै धेरै सफलता प्राप्त गर्नुहुनेछ ।

- आफ्ना छिमेकीहरूलाई चिन्नुहोस् । आफ्नो बगैँचा नभएका वा नलगाउने छिमेकीहरूका नामहरूका साथै उनीहरूका बारेमा थोरै अरू कुराहरू जान्नुहोस् । केही अतिरिक्त उत्पादन बाड्नुहोस् । उनीहरू बगैँचासँग परिचित छैनन् भने बगैँचाले कसरी काम गर्छ भनेर उनीहरूसँग बगैँचामा जानका लागि समय निकाल्नुहोस् ।

- नियमित रूपमा फलेका कुराहरू टिप्ने गर्नुहोस् । फलेका कुराहरू टिप्ने मौसमको बेला यदि तपाईंले केही दिनका लागि शहरभन्दा बाहिर जाने योजना बनाउनुभएको छ भने बगैँचाका नेतृत्वकर्ताहरूलाई त्यस बारेमा थाहा दिनुहोस् । गार्डनरहरूले तपाईंका लागि फलेका कुराहरू टिप्न र तिनीहरूलाई स्थानीय प्यान्ट्रीमा दान दिन सक्छन् ।

- तपाईंलाई आवश्यक पर्नेभन्दा बढि उब्जाउनुहोस् । परोपकारी संस्थाहरूलाई अतिरिक्त उत्पादन दान गर्नका लागि अवसरहरू आइरहन्छन् ।

- आफ्नो सेल फोन सँगै ल्याउनुहोस् । यदि समस्या आइपरेमा आफ्नो फोनमा महत्त्वपूर्ण नम्बरहरू स्टोर गरेर राख्नुहोस् ।

- उब्जाउको मौसम समाप्त भएपछि आफ्नो बगैँचालाई "खाली गर्नुहोस्" र बगैँचाहरू डिसेम्बर 1 मा बन्द हुने गर्छन् । यसले आगामी वर्षमा झारपातको वृद्धि कम गर्ने गर्छ र आवश्यक पोषणहरू अर्को वर्षको बगैँचामा फिर्ता आउँछन् भनेर सुनिश्चित गर्ने गर्छ । केही कारणले गर्दा, तपाईं आफ्नो प्लटमा फलेका कुराहरू टिप्न जान सक्नुभएन र मौसम समाप्त हुनुभन्दा अगाडि नै गार्डनिङबाट बाहिरिन वा त्यसलाई छोड्नुपर्ने भयो भने पनि यो लागू हुन्छ ।

Reynoldsburg
PARKS & RECREATION

# सामुदायिक बगैँचाको कामसम्बन्धी विवरण

## बगैँचा समिति

- **पार्क तथा मनोरञ्जन प्रतिनिधि:** नयाँ बगैँचाका नेतृत्वकर्ताहरू पहिचान गरेर उनीहरूलाई नियुक्त गर्नुहुन्छ। बगैँचाको सञ्चालक समितिको अध्यक्षता गर्नुहुन्छ।
- **शिक्षा संयोजक:** कार्यसम्बन्धि पार्टी, छरछिमेकका पार्टी र शैक्षिक कार्यशालाहरू लगायत नियमित तथा विशेष बगैँचा कार्यक्रमहरूको समन्वय गर्नुहुन्छ।
- **सञ्चार संयोजक:** बगैँचाका समाचार, बैठक र कार्यक्रमहरूका बारेमा गार्डनरहरूसँग इमेल, फोन कल वा पत्रहरूबाट सञ्चार गर्नुहुन्छ। बगैँचाको बुलेटिन बोर्ड तयार गरेर राख्नुहुन्छ। बगैँचाका बैठक/क्रियाकलापहरूको समन्वय गर्नुहुन्छ। अन्य सम्बन्धित समूहहरू (सस्टेनेबल Reynoldsburg, गार्डन क्लबहरू, Crossroads Community Development Corporation) सँग समन्वय गर्नुहुन्छ, अन्य सामुदायिक बगैँचाहरूमा भ्रमण र तिनीहरूसँग सम्पर्क गर्ने व्यवस्था मिलाउनुहुन्छ।
- **रखरखाव संयोजक:** प्रतीक्षा सूची व्यवस्थित गर्नुहुन्छ, भाँचिएको वा क्षति भएको उपकरण र संरचनाका लागि जिम्मेवार हुनुहुन्छ। भूमिको प्रत्यक्ष हेरचाह गर्ने टोली, मल बनाउने टोली र स्वयंसेवकहरूको व्यवस्थापन गर्नुहुन्छ।

## स्वयंसेवक पदहरू

रखरखाव संयोजकले यी पदहरूको व्यवस्थापन गर्नुहुन्छ

- **भूमिको प्रत्यक्ष हेरचाह गर्ने टोली:** बगैँचाका साझा क्षेत्रहरूलाई आवश्यक स्थितिमा राख्छन्। आवश्यक भएमा घाँस काट्छन्, हिँड्ने बाटोहरूलाई खुला राख्छन् र फोहोर हटाउँछन्। मल बनाउने कार्य र मल राख्ने डब्बाहरूको देखरेख र निरीक्षण गर्छन्। गार्डनरहरूलाई मल बोक्न वा प्रयोग गर्न सहायता उपलब्ध गराउँछन्।
- **विभिन्न प्रकारका कार्यहरू गर्न सक्ने:** विशेषगरी मौसमपूर्व र मौसमपश्चातका सरसफाइ कार्यहरूमा सहभागी हुन इच्छुक मानिसहरू।
- **गार्डन च्याम्पियन:** त्यस्तो एक POC जसले सञ्चारद्वारा र नियमहरू आदिको पालना गरेर बगैँचाक तौरतरिकालाई नेतृत्व प्रदान गर्नुहुन्छ। समस्याहरू आइपर्दा सिफारिस र समाधानहरू पेश गर्नुहुन्छ।

यो पदको व्यवस्थापन शिक्षा संयोजकवारा गरिन्छ

- **हर्टिकल्चर सल्लाहकारहरू:** गार्डनिङसम्बन्धी अनुभव हुन्छ र त्यसलाई गार्डनरहरूसँग साझा गर्ने इच्छा राख्नुहुन्छ। नयाँ गार्डनहरूलाई सल्लाह दिनुहुन्छ, गार्डनिङसम्बन्धी नयाँ स्रोतहरू सञ्चारित गर्नुहुन्छ र कार्यक्रम टोलीसँग गार्डनिङसम्बन्धी कार्यशालाहरूको समन्वय गर्नुहुन्छ।
- **बगैँचाका इतिहासहरू:** सन्ततिका लागि बगैँचाका क्रियाकलापहरूको लिखित जर्नल र फोटोहरू राख्नेहरू।

## सामुदायिक बगैँचा समूह

| नाम | संस्था | फोन | इमेल |
|---|---|---|---|
| David Gubanc | Maintenance Coordinator | 496-5444 | David_gubanc@att.net |
| Phyllis Gubanc | सञ्चार संयोजक | 204-0775 | pgubanc@att.net |
| Brian McGuire | City of Reynoldsburg (रखरखाव सुपरभाइजर) | 322-4510 | bmcguire@ci.reynoldsburg.oh.us |
| Michelle Brennan | City of Reynoldsburg (प्रशासनिक सहायक) | 322-6806 | mbrennan@ci.reynoldsburg.oh.us |
| Ryan Lauber | City of Reynoldsburg (हर्टिकल्चरिस्ट) | 322-4504 | rlauber@ci.reynoldsburg.oh.us |
| Donna Bauman | City of Reynoldsburg (पार्क तथा मनोरञ्जन निर्देशक) | 322-6806 | dbauman@ci.reynoldsburg.oh.us |

Reynoldsburg
PARKS & RECREATION

| कार्यक्रम | मिति/समय | स्थान | उद्देश्य |
|---|---|---|---|
| परिचय बैठक | पछि जानकारी गराइने<br>बेलुका 6:00 बजे | मुख्य सम्मेलन कक्ष<br>सिटी हल | • हामीले प्लटका कार्यभारहरू हस्तान्तरण गर्छौं<br>• मार्गदर्शनहरूको समीक्षा गर्ने<br>• सम्पर्क जानकारीको समीक्षा गर्ने<br>• "सल्लाहकार (मेन्टर) हरू" पहिचान गर्ने<br>• स्वयंसेवकका कार्यहरूको समीक्षा गर्ने<br>• यदि हाम्रो कक्षा वा प्रशिक्षणहरू छन् भने – समयतालिकाको समीक्षा गर्ने |
| खुल्ने दिन (स्प्रिङ्ग) | मे 3 | बगैँचा | पानी खोलिन्छ |
| निःशुल्क मल बनाउने क्लिनिक | पछि जानकारी गराइने | Livingston सामुदायिक बगैँचा | बगैँचामा प्रयोग गरिएको मल बनाउने प्रक्रियाका बारेमा सबै नयाँ तथा फर्कदै गरेका गार्डनरहरूलाई जानकारी गराउन र सबै उपस्थित मानिसहरूमा मलसम्बन्धी दिशानिर्देशनहरू प्रचारप्रसार गर्न । |
| आर्बोर डे उत्सव | अप्रिलको अन्तिम शुक्रबार<br>दिउँसोको 4 बजे | | हाम्रो समुदायभित्र रूखहरू र तिनीहरूको महत्त्वको उत्सव मनाउने |
| बिरूवाको बिक्री | पछि जानकारी गराइने | Livingston House<br>1792 Graham Rd | Four Seasons Garden Club द्वारा आयोजना गरिने । |
| Plant Reynoldsburg | मे महिनाको तेस्रो शनिबार<br>बिहानको 9 बजेदेखि<br>अपरान्ह 12 बजेसम्म | सिटी हल<br>7232 East Main St. | पार्क तथा मनोरञ्जन विभागका हर्टिकल्चरका कर्मचारीहरूद्वारा आयोजन गरिने; यो कार्यक्रम हाम्रो समुदायलाई सुन्दर बनाउने अवसर हो । |
| बगैँचाको प्लट भाडामा दिने अन्तिम दिन | जुन महिनाको दोस्रो शुक्रबार | | यो बगैँचाको प्लट भाडामा दिने अन्तिम मिति हो |
| Reynoldsburg फार्मर्स मार्केटको पहिलो दिन | जुन – सेप्टेम्बर<br>बेलुका 4:00 बजेदेखि<br>साँझ 7:00 बजेसम्म<br>प्रत्येक बिहीबार | JFK<br>Reynoldsburg | तपाईं Reynoldsburg फार्मर्स मार्केटमा आफ्नो छिमेकीहरूसँग जाँदा भर्खरै टिपिएका ताजा फलफूल र सागसब्जीहरूको स्वादको मजा लिनुहोस् । थप जानकारीका लागि (614) 322-6807 मा फोन गर्नुहोस् । |
| पानी बन्द गरिएको छ | अक्टोबर 31 | बगैँचा | साइटहरूमा सबै पानी बन्द गरिनेछ । |
| बन्द हुने दिन | डिसेम्बर 1 | बगैँचा | प्लटहरूलाई अनिवार्य रूपमा जाडोका महिनाहरूका लागि पुनः तयार गर्नुपर्छ । |

Reynoldsburg
PARKS & RECREATION

# बिउहरू रोप्ने उत्कृष्ट मितिहरू

*The Old Farmer's Almanac.com*

| बाली | भित्रि कोठामा बिउहरू रोप्नुहोस् | चन्द्रमाको आकार अनुसार अनुकूल मितिहरू | जमिनमा बिउहरू रोप्नुहोस् | चन्द्रमाको आकार अनुसार अनुकूल मितिहरू |
|---|---|---|---|---|
| सिमी | | | अप्रिल 24-मे 8 | अप्रिल 24-25 |
| चुकन्दर | | | अप्रिल 3-मे 15 | अप्रिल 3-9 |
| ब्रोकाउली | फेब्रुअरी 26-मार्च 13 | मार्च 11-13 | अप्रिल 3-10 | अप्रिल 10 |
| ब्रसेल्स स्प्राउट | फेब्रुअरी 26-मार्च 13 | मार्च 11-13 | | |
| बन्दा | फेब्रुअरी 26-मार्च 13 | मार्च 11-13 | अप्रिल 17-मे 1 | अप्रिल 17-25 |
| गाजर | | | मार्च 20-अप्रिल 3 | मार्च 28-अप्रिल 3 |
| फूलगोभी | फेब्रुअरी 26-मार्च 13 | मार्च 11-13 | अप्रिल 17-मे 1 | अप्रिल 17-25 |
| सेलरी | फेब्रुअरी 26-मार्च 13 | मार्च 11-13 | | |
| मकै | | | मे 8-15 | मे 9-15 |
| काक्रो | मार्च 27-अप्रिल 10 | मार्च 27 | मे 1-8 | |
| लेटुस | मार्च 13-27 | मार्च 13-27 | अप्रिल 17-मे 8 | अप्रिल 17-25 |
| खरबुजा (मेलन) | मार्च 27-अप्रिल 10 | मार्च 27 | मे 8-15 | मे 9-15 |
| प्याजको सेट (सानो गानो) | | | मार्च 27-अप्रिल 3 | मार्च 28-अप्रिल 3 |
| पार्सनिप | | | अप्रिल 3-24 | अप्रिल 3-9 |
| केराउ | | | मार्च 13-27 | मार्च 13-27 |
| खुर्सानी | फेब्रुअरी 26-मार्च 13 | मार्च 11-13 | | |
| आलु | | | अप्रिल 24-मे 8 | अप्रिल 26-मे 8 |
| फर्सी | मार्च 27-अप्रिल 10 | मार्च 27 | मे 1-8 | |
| मूला | | | अप्रिल 17-मे 1 | अप्रिल 26-मे 1 |
| पालुङ्गो | | | मार्च 13-27 | मार्च 13-27 |
| स्क्वाश, समर | मार्च 27-अप्रिल 10 | मार्च 27 | मे 1-8 | |
| स्क्वाश, जाडो | मार्च 27-अप्रिल 10 | मार्च 27 | मे 1-8 | |
| टमाटर | फेब्रुअरी 26-मार्च 13 | मार्च 11-13 | | |

# प्रायः सोधिने प्रश्नहरू

तल केही ***बारम्बार सोधिने प्रश्नहरूका जवाफहरू दिइएका छन् /*** अन्य प्रश्नहरू Reynoldsburg को पार्क तथा मनोरञ्जन विभागलाई 614-322-6806 मा सोध्न सकिनेछ ।

***बगैँचाहरू कहाँ अवस्थित छन्?*** लिभिङस्टोन गार्डन 6305 Livingston Avenue मा Truro Township Fire Department को पछाडि अवस्थित छ । पार्किङ 2100 Birchview Drive मा अवस्थित COTA पार्किङ लटमा उपलब्ध छ । सिभिक कम्युनिटी गार्डन Civic Park 6800 Daugherty Ave मा अवस्थित छ । पार्किङ बगैँचा सँगैको ठाउँमा उपलब्ध छ ।

***यहाँको गार्डेन प्रयोग गर्न कति मूल्य पर्छ?*** 10' x 20' आकारको पूरा प्लट **एक वर्षका लागि प्रति निवासी $40 र गैर-निवासीका** लागि $50 छ । आधा प्लट प्रति निवासी $20 र गैर-निवासीका लागि $25 छ । **धेरैवटा प्लटहरू लिँदा पनि कुनै छुट दिइने छैन ।**

***बगैँचामा कस्ता प्रकारका औजार, उपकरण र आपूर्तिहरू उपलब्ध हुन्छन्?*** हाल सामुदायिक गार्डनिङसम्बन्धी कुनै पनि औजारहरू छैनन् । तपाईंले आफ्नै जोखिममा आफ्नो उपकरण बगैँचामा ल्याएर त्यहीं राख्नुपर्ने हुन्छ ।

***के मैले बगैँचाको पानीको स्रोतमा पाइप (होज) लगाउन सक्छु?*** सक्नुहुन्छ । एक पटकमा तीनवटासम्म पाइप लगाउन मिल्नेगरी दुवै धाराहरूमा स्प्लिटर जडान गरिनेछ । गार्डनरहरूले आफूसँग आफ्ना पाइपहरू ल्याउन र तिनीहरूको कार्य समाप्त भएपछि तिनीहरूलाई लैजानका लागि जिम्मेवार हुनेछन् । बगैँचामा छोडिएका पाइपहरू गार्डनरको जोखिममा छोडिएका हुन्छन् ।

***पाइपहरूका लागि कहाँ अनुमति दिइन्छ?*** गार्डनरहरू आफ्नो पाइप कहाँ हुनुपर्छ भन्ने बारेमा हरसमय सचेत **रहनैपर्छ** । **पाइपहरूलाई अन्य प्लटहरूको माथिबाट लिएर जान अनुमति हुँदैन** । यदि पाइपहरूद्वारा अन्य प्लटहरूमा निरन्तर रूपमा क्षति गरिन्छ भने गार्डनरहरूलाई त्यस उपरान्त तिनीहरूलाई उपयोग गर्न अनुमति दिइने छैन ।

***बगैँचाको सम्बन्धमा सबै दायित्वहरू पूरा गरेर राम्रो स्थितिमा रहनका लागि मैले के गर्नुपर्छ?*** 1) अनेक स्वयंसेवक पदहरू मध्ये कुनै एकमा साइन अप गर्नुहोस्, 2) आफ्नो प्लटलाई सही स्थितिमा राखिरहनुहोस्, 4) आफ्ना वार्षिक शुल्कहरू भुक्तानी गर्नुहोस्, 5) अन्य गार्डनरका प्लटहरूको सम्बन्धमा पाइप कहाँ हुन्छ भन्ने बारेमा सावधान रहनुहोस्, 6) तपाईंले डिसेम्बर 1 को अन्तिम मितिसम्म आफ्नो बगैँचालाई खाली गर्नुहुन्छ भनेर सुनिश्चित गर्नुहोस् ।

***मैले गार्डनिङसम्बन्धी सुझावका लागि कसलाई सम्पर्क गर्ने?*** बगैँचाको समितिले तपाईंलाई विभिन्न हर्टिकल्चर विशेषज्ञहरूसँग सम्पर्क गराउने व्यवस्था मिलाउन सक्छ जसले यो बगैँचा बनाउनमा सहयोग गर्नुभएको थियो ।

***मैले मेरो बगैँचाको प्लटमा के रोप्न सक्छु?*** थोरै सीमितताहरूका साथ के रोप्ने भन्ने कुरा पूर्ण रूपमा तपाईंमा निर्भर हुन्छ । प्लटहरूमा रूखहरू लगाउन अनुमति दिइएको छैन । तपाईंले आफ्नो प्लटमा गोडमेल गरेर त्यसलाई नियमित रूपमा हेरचाह गर्दासम्म अधिकांश प्रकारका सागसब्जी, जडीबुटी वा फुल लगाउनका लागि स्वीकृति दिइन्छ । कृपया Ohio Department of Natural Resources वा United States Department of Agriculture द्वारा "मिचाहा" मानेको त्यस्तो कुनै पनि कुरा नरोप्नुहोस् । यदि तपाईंका कुनै पनि प्रश्नहरू छन् भने कृपया आयोजक समितिलाई सम्पर्क गर्नुहोस् ।

***कस्तो प्रकारको बार (फेन्सिङ) र अन्य संरचनाको अनुमति दिइएको छ?*** बारहरू लगाउन एकदमै निरुत्साहित गरिन्छ तर प्रयोग गरिन्छ भने तिनीहरू अनिवार्य रूपमा सफा तथा स्वच्छ देखिनुपर्छ र ***उचाइमा 36"*** भन्दा बढी हुनुहुँदैन । यदि प्रयोग गर्ने भएमा बारलाई कमभन्दा कम प्रयोग गर्नुपर्छ र गार्डनरद्वारा त्यसलाई मौसमको अन्त्यमा अनिवार्य रूपमा हटाइनुपर्छ । बार लगाउने बारेमा सोच्दा बगैँचा भएका वा लगाउने आफ्ना छिमेकीहरूलाई ध्यानमा राख्नुहोस् । पूरै बगैँचामा कुनै पनि संरचना हेर्न अवरोध गराउनेगरी बनाउन वा राख्न हुँदैन । अपवादहरू भनेका माथि चढ्ने बिरूवाहरूलाई हुर्काउन प्रयोग गरिने ट्रेलिज र तार हुन् जुन 6 फिटभन्दा बढि हुनुहुँदैन ।

***मैले पूरा वा आधा-प्लट पनि राख्न सक्छु वा सक्दैन भन्ने कुरामा म निश्चित छैन तर म अझै पनि बगैँचा लगाउन चाहन्छु । मैले के गर्नुपर्छ?*** साझा गरिएको बगैँचा अनुरोध गर्ने बारेमा विचार गर्नुहोस् । बगैँचा अनुरोध फाराममा तपाईं अरू कोहीसँग प्लट साझा गर्न चाहनुहुन्छ भनेर उल्लेख गर्न सक्नुहुन्छ । हामीले तपाईंलाई अर्को गार्डनरसँग जोड मिलाउने प्रयास गर्ने छौं र तपाईंले उल्ट गार्डनरसँग मिलेर आधा-प्लटमा काम गर्न सक्नुहुन्छ ।

***नयाँ गार्डनरको रूपमा के मेरो प्लटलाई जोतिएको हुनेछ?*** हो, City of Reynoldsburg Parks and Recreation Department ले कुनै पनि नयाँ गार्डनरका लागि प्लटहरू जोतिदिनेछ । कृपया जोत्ने कार्य पूरा गर्नका लागि दर्ता गरेपछि 14 कार्य दिनको समय दिनुहोस् ।

***बगैँचाको प्लट भाडामा लिने अन्तिम दिन कहिले हुन्छ?*** प्लट भाडामा लिने अन्तिम दिन भनेको जुन 15 हो । यो मितिपछि कुनै पनि भाडा अनुरोधहरू स्वीकार गरिने छैन ।

# बगैँचाका नियमहरू

जो पहिला आउँछ, त्यसले पहिला पाउँछ भन्ने आधारमा प्लटहरू दिइन्छ र नयाँ मगार्डनरहरूले कुनै निश्चित प्लट साइट अनुरोध गर्न सक्नुहुन्न, हामीले तपाईंलाई प्लट तोकिदिने छौं। फर्कदै गरेका गार्डनरहरूलाई आफ्नो विद्यमान प्लट लिज नवीकरण गर्ने विकल्प दिइन्छ।

पानीको स्रोतलाई बगैँचाको नजिकै स्थापना गरिनेछ। कृपया जिम्मेवारपूर्वक पानी प्रयोग गर्नुहोस्। गार्डनरहरू आफ्नै पाइपहरू ल्याउनका लागि जिम्मेवार हुन्छन्। बगैँचामा छोडिएका पाइपहरू गार्डनरको जोखिममा छोडिएका हुन्छन्। गार्डनरहरूलाई आफ्नो पाइप कहाँ हुनुपर्छ भन्ने बारेमा हरसमय सचेत रहन अनुरोध गरिन्छ। पाइपहरूलाई अन्य प्लटहरूको माथिबाट लिएर जान अनुमति हुँदैन। यदि पाइपहरूद्वारा अन्य प्लटहरूमा निरन्तर रूपमा क्षति गरिन्छ भने गार्डनरहरूलाई त्यस उपरान्त तिनीहरूलाई उपयोग गर्न अनुमति दिइने छैन।

गार्डनिङ मौसमको बेला आफ्नो बगैँचाको प्लटको रखरखाव र हेरचाहका लागि गार्डनरहरू जिम्मेवार हुन्छन्। जोत्ने, पानी हाल्ने, गोडमेल गर्ने, फलेका कुराहरू टिप्ने र बगैँचासँग सम्बन्धित अन्य कुनै पनि रखरखावको काम सबै गार्डनरको जिम्मेवारी हुन्। आफ्नो प्लट वरिपरिका पैदल मार्गहरूलाई खुला राख्ने र फोहोर, बोटबिरूवाका सामग्री तथा आपूर्तिहरूबाट मुक्त राख्ने जिम्मेवारी पनि गार्डनरकै हुन्छ।

गार्डनिङ मौसमको बेला सामुदायिक बगैँचा बिहानदेखि साँझसम्म उपलब्ध रहन्छन्।

यदि गार्डनरले लामो समयसम्म आफ्नो प्लटको ख्याल राख्न सक्दैनन् भने त्यस बारेमा बगैँचा समितिलाई सूचित गर्ने जिम्मेवारी गार्डनरको हुन्छ। यदि कुनै प्लटलाई लापरवाहीले गर्दा फोहोर गरेर राखिन्छ भने त्यसलाई सफा गर्न गार्डनरलाई सूचना दिइनेछ। यदि सरसफाइ गरिएन भने हालको प्लटका मालिकले प्लट माथिका सबै अधिकारहरू गुमाउँछन् र प्लट अर्को गार्डनरलाई दिने प्रक्रियामा जानेछ। सुरुको गार्डनर प्लटलाई भाडामा लिइएको अवस्थामा ल्याउनका लागि अझै पनि जिम्मेवार हुन्छन्। (जोतिएको वा डल्ला फोडिएको र झारपात निकालिएको वा नचाहिने बोटबिरुवाहरू निकालिएको)।

गार्डनरहरूले अनिवार्य रूपमा आफ्नै गार्डनिङ औजारहरू उपलब्ध गराउनुपर्छ। सुरक्षा कारणहरूका लागि, कुनै पनि प्रकारको औजार वा आपूर्तिहरू बगैँचामा त्यसै छोड्नुहुँदैन।

बालबालिकासँग अनिवार्य रूपमा वयस्क व्यक्ति साथमा हुनुपर्छ र उनीहरूको हरसमय सुपरिवेक्षण गरिएको हुनैपर्छ।

कुकुरहरूलाई कुनै पनि समयमा बगैँचामा ल्याउन अनुमति **हुँदैन**।

बगैँचामा कुनै पनि लागूऔषध वा मदिराको अनुमति हुँदैन। दुवै बगैँचाहरू सुर्तीजन्य पदार्थरहित छन्।

अर्को गार्डनरले अनुमति दिएको बेला बाहेक गार्डनरहरूले आफ्ना बालीहरू मात्र टिप्न सक्नेछन्।

अन्य प्लटहरूलाई कुनै पनि तरिकाले प्रभावित गर्ने रासायनिक मल, कीटनाशक वा झार मार्ने औषधिहरू प्रयोग नगर्नुहोस्।

अग्ला बालीहरू रोप्ने कि भनेर विचार गर्नुहोस् जसले गर्दा छिमेकका गार्डनरहरूलाई तिनीहरूको कम प्रभाव पर्नेछ।

बारहरू लगाउन एकदमै निरुत्साहित गरिन्छ तर प्रयोग गरिन्छ भने तिनीहरू अनिवार्य रूपमा सफा तथा स्वच्छ देखिनुपर्छ र **उचाइमा 36”** भन्दा बढी हुनुहुँदैन । पूरै बगैँचामा कुनै पनि संरचना हेर्न अवरोध गराउनेगरी बनाउन वा राख्न हुँदैन । अपवादहरू भनेका माथि चढ्ने बिरूवाहरूलाई हुर्काउन प्रयोग गरिने ट्रेलिज र तार हुन् जुन 6 फिटभन्दा बढि हुनुहुँदैन ।

प्रतिबन्धित बोटबिरूवाहरू: हानिकारक बोटबिरूवा, मिचाहा बोटबिरूवा वा अन्य गैर-कानुनी बोटबिरूवाहरू लगाउन **अनुमति हुँदैन** । *हानिकारक बोटबिरूवाहरूमा* यरूशलेम आर्टिचोक, मर्निङ ग्लोरी र बाँस पर्दछन् । पुदिनालाई भाँडोमा रोप्न सकिन्छ तर जमिनमा होइन ।

कहिल्यै पनि बगैँचा वरिपरिको क्षेत्रमा फोहोर, घाँस, बोटबिरूवाको सामग्री, खराब भएका फलफूल वा सागसब्जीहरू जस्ता कुनै पनि वस्तुहरू नफाल्नुहोस् । राम्रोसँग तयार गरिएको बगैँचाको फोहोरका लागि मल बनाउने ठाउँ बनाइनेछ । बगैँचाभन्दा बाहिरका फोहोर फाल्ने डब्बाहरू कागज, फोहोर, जाल, भाँचिएका औजार इत्यादि फाल्नका लागि हुन् ।

अस्थायी बिरूवाका जाल, टेको, ट्रेलिज र पानी हाल्ने क्यान, रेक, बेल्चा इत्यादि जस्ता कुनै पनि बगैँचासम्बन्धी औजारहरूलाई बगैँचा बन्द हुँदा त्यहाँबाट अनिवार्य रूपमा हटाइनुपर्छ र प्लटको मालिकद्वारा व्यवस्थित रूपमा फालिनुपर्छ । अङ्गुरको झुप्पो वा बेरीको झाडी जस्ता बाह्रमासे बोटबिरूवाहरूका लागि स्थायी वा अर्ध-स्थायी टेको वा सपोर्टका लागि अनुमति प्रदान गरिन्छ र त्यसका लागि तिनीहरू **तोकिएको प्लट(हरू) का सीमाहरूभित्र पर्याप्त मात्रामा व्यवस्थित तरिकाले राखिएको हुनुपर्छ ।**

नियमहरू हर समयमा पालना गरिन्छ भनेर सुनिश्चित गर्नका लागि बगैँचा समिति जिम्मेवार हुन्छ । बगैँचाका प्लटहरूलाई हरसमय सुरक्षित अवस्थामा राखिराख्नुपर्छ र कुनै पनि अवस्था असुरक्षित मानिएमा बगैँचा समितिले गार्डनरलाई तुरुन्तै अवस्था सुधार गर्न आवश्यक गराउनेछ । यदि बगैँचा समिति र Department of Parks & Recreation ले आफ्नो व्यावसायिक निर्णयमा बगैँचाको प्लटलाई नियमित रूपमा राम्रोसँग रखरखाव गरिएको छैन भन्ने कुरा निर्धारण गरेमा विभागले जिम्मेवार गार्डनरलाई कार्यक्रमका मार्गनिर्देशन उल्लङ्घन भएको सूचित गर्दै लिखित सूचना पठाउनेछ । यदि गार्डनरले लिखित, पत्राचार गरिएको सूचना पठाइएको मितिदेखि पाँच (5) कार्य दिनभित्र जवाफ पठाएनन् भने Parks and Recreation Department ले उल्लङ्घन गरेको ठहर गरेर बगैँचाको प्लटमाथि पूर्ण नियन्त्रण र रखरखावको जिम्मा लिनेछ ।

ALL PLOTS MUST BE CLEARED OF ALL DEBRIS AT THE END OF THE GROWING SEASON. PLOTS THAT ARE NOT CLEARED BY DECEMBER 1 WILL NOT BE GUARANTEED THEIR PLOT FOR THE NEXT GROWING SEASON.

BEGINNING WITH GARDEN REGISTRATION FOR THE 2022 SEASON ALL PLOT RENTALS WILL BE ASSESSED A $50 REFUNDABLE DEPOSIT PER PLOT (DISCOUNTS WILL NOT BE GIVEN FOR MULTIPLE PLOTS). THIS DEPOSIT WILL BE REFUNDED ONLY IF YOUR PLOT HAS BEEN CLEARED OF ALL DEBRIS AT THE END OF THE GROWING SEASON (DECEMBER 1). REFUNDS WILL BE PROCESSED FOR ALL WHO QUALIFY IN JANUARY OF THE FOLLOWING YEAR.

# मल बनाउनेसम्बन्धी जानकारी

**कृपया मल बनाउनेसम्बन्धी मार्गनिर्देशनको छेउमा आफ्नो नामका प्रथमाक्षरहरू लेख्नुहोस् र आफ्नो दर्ता फाराम तथा भुक्तानीको साथमा यो फाराम फिर्ता गर्नुहोस्।**

प्रत्येक बगैँचाभित्रको मल बनाउने कार्यमा बिन (डब्बा) तथा स्टेजिङ्ग पाइलहरू दुवै समावेश हुन्छन् जसले स्प्रिङ (बसन्त याम) पश्चात् प्रयोग गर्न सकिने मल उत्पादन गर्नका लागि गार्डनिङ मौसमको बेला जैविक फोहोर प्राप्त गर्ने गर्छ। स्वयंसेवकहरूले डब्बा र थुप्रोहरूको व्यवस्थापन मात्र हेर्छन्। निम्न मार्गनिर्देशनको उद्देश्य सबै गार्डनहरूको कार्यको भारलाई कम गर्ने र स्वीकार्य, प्रयोग गर्न योग्य वनस्पति मलको उत्पादन सुनिश्चित गर्ने रहेको छ।

सामान्य नियम भनेको डब्बाहरूमा छोटो, ओसिलो र मैलोरहित जैविक फोहोर हुनुपर्छ। स्टेजिङ पाइलमा लामो, सुख्खा र मैलोरहित जैविक फोहोर हुनुपर्छ।

1. सबै जैविक फोहोरलाई स्टेजिङ पाइलमा चाङ लगाएर राख्नु वा डब्बामा हाल्नुभन्दा पहिले सबै अतिरिक्त फोहोरलाई हटाइनुपर्छ।______
2. डाँठ तथा लहराहरूबाट बाँकी बचेको उत्पादनलाई निकालेर डब्बाहरूमा हालिनुपर्छ।_____
3. डाँठ तथा लहराहरूलाई स्टेजिङ पाइलमा चाङ लगाएर राख्दा तिनीहरूलाई एउटै दिशामा पर्नेगरी राख्नुहोस्। सबै जराहरू एउटै दिशामा हुँदा डाँठ तथा लहराहरूलाई पिस्न सजिलो हुन्छ।_____
4. डाँठ तथा लहराहरूलाई स्टेजिङ पाइलमा चाङ लगाएर राख्नुअघि तिनीहरूबाट सबै डोरी, तार, नाइलन वा अन्य वस्तुहरू निकाल्नुहोस्।_____
5. घाँस र सानो जैविक फोहोरलाई डब्बाहरूमा हाल्नुअघि 6” वा सोभन्दा कम लम्बाइमा काट्नुहोस्।____
6. कृपया डब्बाहरूमा पशुको फोहोर नहाल्नुहोस्। _____
7. कृपया डब्बाहरू वा स्टेजिङ पाइलमा कागज वा प्लास्टिकको सामग्री नहाल्नुहोस्।_____

# बगैँचासम्बन्धी सम्झौता

**कृपया गार्डनिङसम्बन्धी मार्गनिर्देशनको छेउमा आफ्नो नामका प्रथमाक्षरहरू लेख्नुहोस् र आफ्नो दर्ता फाराम तथा भुक्तानीको साथमा यो फाराम फिर्ता गर्नुहोस् ।**

**प्रथमाक्षर**

_____1. जो पहिला आउँछ, त्यसले पहिला पाउँछ भन्ने आधारमा प्लटहरू दिइन्छ र नयाँ मगार्डनरहरूले कुनै निश्चित प्लट साइट अनुरोध गर्न सक्नुहुन्न, हामीले तपाईंलाई प्लट तोकिदिने छौं । फर्कदै गरेका गार्डनरहरूलाई आफ्ना विद्यमान प्लट लिज नवीकरण गर्ने विकल्प दिइन्छ ।

_____2. अहिले निवासीका लागि बगैँचाको प्लटको वार्षिक शुल्क **$40** र गैर-निवासीका लागि पूरै प्लटको शुल्क **$50** छ । शुल्कहरू City of Reynoldsburg (**7232 E. Main St. Reynoldsburg Ohio**) को नाममा भुक्तानी गरिनुपर्छ र दर्ताको समयमा पूरै शुल्क भुक्तान गर्नैपर्छ । प्लटको शुल्क फिर्ता हुँदैन । **धेरैवटा प्लटहरू लिँदा पनि कुनै छुट दिइने छैन ।**

_____3. पानीको स्रोतलाई बगैँचाको नजिकै स्थापना गरिनेछ । कृपया जिम्मेवारपूर्वक पानी प्रयोग गर्नुहोस् । गार्डनरहरू आफ्नै पाइपहरू ल्याउनका लागि जिम्मेवार हुन्छन् । बगैँचामा छोडिएका पाइपहरू गार्डनरको जोखिममा छोडिएका हुन्छन् । गार्डनरहरूलाई आफ्नो पाइप कहाँ हुनुपर्छ भन्ने बारेमा हरसमय सचेत रहन अनुरोध गरिन्छ । पाइपहरूलाई अन्य प्लटहरूको माथिबाट लिएर जान अनुमति हुँदैन । यदि पाइपहरूद्वारा अन्य प्लटहरूमा निरन्तर रूपमा क्षति गरिन्छ भने गार्डनरहरूलाई त्यस उपरान्त तिनीहरूलाई उपयोग गर्न अनुमति दिइने छैन ।

_____4. गार्डनिङ मौसमको बेला आफ्नो बगैँचाको प्लटको रखरखाव र हेरचाहका लागि गार्डनरहरू जिम्मेवार हुन्छन् । जोत्ने, पानी हाल्ने, गोडमेल गर्ने, फलेका कुराहरू टिप्ने र बगैँचासँग सम्बन्धित अन्य कुनै पनि रखरखावको काम सबै गार्डनरको जिम्मेवारी हुन् । आफ्नो प्लट वरिपरिका पैदल मार्गहरूलाई खुला राख्ने र फोहोर, बोटबिरूवाका सामग्री तथा आपूर्तिहरूबाट मुक्त राख्ने जिम्मेवारी पनि गार्डनरकै हुन्छ ।

_____5. बगैँचा मे 5 देखि अक्टोबरको अन्त्यसम्म उपलब्ध रहन्छ । **गार्डनरहरू डिसेम्बर 1 भन्दा ढिलो नहुनेगरी "बगैँचालाई खाली गरेर" स्प्रिङ (बसन्त याम) मा रोप्नका लागि तयारी अवस्थामा राख्नका लागि जिम्मेवार हुन्छन् ।**

_____6. गार्डनिङ मौसमको बेला सामुदायिक बगैँचा बिहानदेखि साँझसम्म उपलब्ध रहन्छन् ।

_____7. यदि गार्डनरले लामो समयसम्म आफ्नो प्लटको ख्याल राख्न सक्दैनन् भने त्यस बारेमा बगैँचा समितिलाई सूचित गर्ने जिम्मेवारी गार्डनरको हुन्छ । यदि कुनै प्लटलाई लापरवाहीले गर्दा फोहोर गरेर राखिन्छ भने त्यसलाई सफा गर्न गार्डनरलाई सूचना दिइनेछ । यदि सरसफाइ गरिएन भने हालको प्लटका मालिकले प्लट माथिका सबै अधिकारहरू गुमाउँछन् र प्लट अर्को गार्डनरलाई दिने प्रक्रियामा जानेछ । सुरुको गार्डनर प्लटलाई भाडामा लिइएको अवस्थामा ल्याउनका लागि अझै पनि जिम्मेवार हुन्छन् । (जोतिएको वा डल्ला फोडिएको र झारपात निकालिएको वा नचाहिने बोटबिरुवाहरू निकालिएको) ।

_____8. गार्डनरहरूले अनिवार्य रूपमा आफ्नै गार्डनिङ औजारहरू उपलब्ध गराउनुपर्छ । सुरक्षा कारणहरूका लागि, कुनै पनि प्रकारको औजार वा आपूर्तिहरू बगैँचामा त्यसै छोड्नुहुँदैन ।

_____9. बालबालिकासँग अनिवार्य रूपमा वयस्क व्यक्ति साथमा हुनुपर्छ र उनीहरूको हरसमय सुपरिवेक्षण गरिएको हुनैपर्छ ।

_____10. बगैँचामा कुनै पनि लागूऔषध वा मदिराको अनुमति हुँदैन। दुवै बगैँचाहरू सुर्तीजन्य पदार्थरहित छन्।
_____11. अर्को गार्डनरले अनुमति दिएको बेला बाहेक गार्डनरहरूले आफ्ना बालीहरू मात्र टिप्न सक्नेछन्।

_____12. अन्य प्लटहरूलाई कुनै पनि तरिकाले प्रभावित गर्ने रासायनिक मल, कीटनाशक वा झार मार्ने औषधिहरू प्रयोग नगर्नुहोस्।

_____13. अग्ला बालीहरू रोप्ने कि भनेर विचार गर्नुहोस् जसले गर्दा छिमेकका गार्डनरहरूलाई तिनीहरूको कम प्रभाव पर्नेछ।

_____14. बारहरू लगाउन एकदमै निरुत्साहित गरिन्छ तर प्रयोग गरिन्छ भने तिनीहरू अनिवार्य रूपमा सफा तथा स्वच्छ देखिनुपर्छ र **उचाइमा 36"** भन्दा बढी हुनुहुँदैन। पूरै बगैँचामा कुनै पनि संरचना हेर्न अवरोध गराउनेगरी बनाउन वा राख्न हुँदैन। अपवादहरू भनेका माथि चढ्ने बिरूवाहरूलाई हुर्काउन प्रयोग गरिने ट्रेलिज र तार हुन् जुन 6 फिटभन्दा बढि हुनुहुँदैन।

_____15. प्रतिबन्धित बिरूवाहरू: हानिकारक बोटबिरूवा, मिचाहा बोटबिरूवा वा अन्य गैर-कानुनी बोटबिरूवाहरू लगाउन **अनुमति हुँदैन**। *हानिकारक बोटबिरूवाहरूमा* यरूशलेम आर्टिचोक, मर्निङ ग्लोरी र बाँस पर्दछन्। पुदिनालाई भाँडोमा रोप्न सकिन्छ तर जमिनमा होइन।

_____16. कहिल्यै पनि बगैँचा वरिपरिको क्षेत्रमा फोहोर, घाँस, बोटबिरूवाको सामग्री, खराब भएका फलफूल वा सागसब्जीहरू जस्ता कुनै पनि वस्तुहरू नफाल्नुहोस्। राम्रोसँग तयार गरिएको बगैँचाको फोहोरका लागि मल बनाउने ठाउँ बनाइनेछ। बगैँचाभन्दा बाहिरका फोहोर फाल्ने डब्बाहरू कागज, फोहोर, जाल, भाँचिएका औजार इत्यादि फाल्नका लागि हुन्।

_____17. अस्थायी बिरूवाका जाल, टेको, ट्रेलिज र पानी हाल्ने क्यान, रेक, बेल्चा इत्यादि जस्ता कुनै पनि बगैँचासम्बन्धी औजारहरूलाई बगैँचा बन्द हुँदा त्यहाँबाट अनिवार्य रूपमा हटाइनुपर्छ र प्लटको मालिकद्वारा व्यवस्थित रूपमा फालिनुपर्छ। अङ्गुरको झुप्पो वा बेरीको झाडी जस्ता बाह्रमासे बोटबिरूवाहरूका लागि स्थायी वा अर्ध-स्थायी टेको वा सपोर्टका लागि अनुमति प्रदान गरिन्छ र त्यसका लागि तिनीहरू **तोकिएको प्लट(हरू) का सीमाहरूभित्र पर्याप्त मात्रामा व्यवस्थित तरिकाले राखिएको हुनुपर्छ।**

____18. नियमहरू हर समयमा पालना गरिन्छ भनेर सुनिश्चित गर्नका लागि बगैँचा समिति जिम्मेवार हुन्छ। बगैँचाका प्लटहरूलाई हरसमय सुरक्षित अवस्थामा राखिराख्नुपर्छ र कुनै पनि अवस्था असुरक्षित मानिएमा बगैँचा समितिले गार्डनरलाई तुरुन्तै अवस्था सुधार गर्न आवश्यक गराउनेछ। यदि बगैँचा समिति र Department of Parks & Recreation ले आफ्नो व्यावसायिक निर्णयमा बगैँचाको प्लटलाई नियमित रूपमा राम्रोसँग रखरखाव गरिएको छैन भन्ने कुरा निर्धारण गरेमा विभागले जिम्मेवार गार्डनरलाई कार्यक्रमका मार्गनिर्देशन उल्लङ्घन भएको सूचित गर्दै लिखित सूचना पठाउनेछ। यदि गार्डनरले लिखित, पत्राचार गरिएको सूचना पठाइएको मितिदेखि पाँच (5) कार्य दिनभित्र जवाफ पठाएनन् भने Parks and Recreation Department ले उल्लङ्घन गरेको ठहर गरेर बगैँचाको प्लटमाथि पूर्ण नियन्त्रण र रखरखावको जिम्मा लिनेछ।

_____19. कुकुरहरूलाई कुनै पनि समयमा बगैँचामा ल्याउन अनुमति **हुँदैन**।

_____20. I have read the rule regarding the $50 deposit per garden plot (page 9).
_____21. I have read the rule regarding clearing debris from garden plots by December 1 (page9).

Reynoldsburg PARKS & RECREATION

कृपया स्पष्ट रूपमा प्रिन्ट गर्नुहोस्:

गार्डनर: ________________________________ गार्डनरको इमेल: _________________________

गार्डनरको ठेगाना: __________________________सहर:______________________जिप:________

घरको फोन नम्बर: ________________ कार्यस्थलको फोन: ___________ सेल फोन: _____________

आकस्मिक सम्पर्कजानकारी: ______________________________________________________

नाम फोन

**<u>कृपया तल सूचीबद्ध गरिएका बगैँचाका काम/टोलीहरू मध्ये कम्तीमा पनि एउटाका लागि साइन अप गर्नुहोस् ।</u>**

___ भूमिको प्रत्यक्ष हेरचाह गर्ने टोली: बगैँचाका साझा क्षेत्रहरूलाई आवश्यक स्थितिमा राख्छन्
___ बगैँचाको इतिहासकार: प्रचारका लागि बगैँचाका फोटोहरू खिच्छन्

____मल बनाउने टोली: मल बनाउने ठाउँ बनाउँछन्
____विभिन्न प्रकारका कार्यहरू गर्न सक्ने: सहभागी हुनमा मद्दत गर्छन्

तपाईं कुन स्थान चाहनुहुन्छ (कृपया एउटामा गोलो चिन्ह लगाउनुहोस्): Livingston Ave Civic Park

□□) र

यदि तपाईं नयाँ गार्डनर हुनुहुन्छ भने के तपाईं आफूलाई मद्दत गर्नका लागि अनुभवी गार्डनर चाहनुहुन्छ ? हो___ होइन___

यदि तपाईं अनुभवी गार्डनर हुनुहुन्छ भने के तपाईं नयाँ गार्डनरलाई मद्दत गर्न चाहनुहुन्छ ? हो___ होइन___

के तपाईं अर्को गार्डनरसँग बगैँचा साझा गर्न चाहनुहुन्छ ? हो___ होइन___

यदि तपाईं फर्कदै गरेको गार्डनर हुनुहुन्छ भने के तपाईं आफ्नो बगैँचा जोतिएको होस् भन्ने चाहनुहुन्छ ? हो___ होइन___

केतपाईं बाहर्मासे बोटबिरूवाहरूरोप योनजा नबाउँदै हुनुहु छ ? हो___ होइन___

**FEES PER GARDEN PLOT**

**Half Plot Resident $20.00** _______ **Half Plot Non-Resident $25.00**______

**Full Plot Resident $40.00**________ **Full Plot Non-Resident $50.00**_______

**Refundable Deposit $50.00**______ **per plot**

**यो बगैँचाको सम्झौता परिवर्तन हुन सक्नेछ ।**

**यदि यो बगैँचासम्बन्धी सम्झौतामा भएको कुनै पनि जानकारी बाँझिएको छ भनेर निर्धारण गरिएमा सो जानकारीलाई City of Reynoldsburg र Truro Township का सबै नियम, मार्गनिर्देशन र नीतिहरूले रद्द गराउँछ ।**

मैले Livingston Garden को प्रयोगकर्ता सम्झौता पढेको छु र त्यसलाई बुझेको छु ।

_____________________________________________________________________________

गार्डनरको हस्ताक्षर मिति

Reynoldsburg
PARKS & RECREATION

## सहमति सम्झौता*

म यसैद्वारा म अठार (18) वर्ष उमेरको पुगेको छु र मानसिक तथा शारीरिक रूपमा स्वस्थ छु भनेर प्रमाणित गर्छु र मैले यसैद्वारा म वा मेरो नाबालिग बच्चा Reynoldsburg मनोरञ्जन कार्यक्रम(हरू), सम्बद्ध कार्यक्रम तथा क्रियाकलापहरूमा स्वैच्छिक रूपमा सहभागी भएको हो वा म Truro Township र City of Reynoldsburg द्वारा प्रायोजित कार्यक्रमका लागि स्वयंसेवक हो भनेर सहमति जनाउँछु ।

मैले यसैद्वारा Truro Township र City of Reynoldsburg, यसका कर्मचारी, पदाधिकारी, स्वयंसेवक, प्रायोजन गर्ने एजेन्सी, प्रायोजक, विज्ञापनदाता र लागू हुने भएमा कार्यक्रम सञ्चालन गर्न प्रयोग गरिएका परिसरहरूका मालिक तथा भाडामा दिने व्यक्तिहरूलाई यी कार्यक्रमहरूमा मेरो आफ्नै संलग्नता वा सहभागिता वा मेरो बच्चाको संलग्नता वा सहभागिताबाट हुने कुनै पनि व्यक्तिको चोटपटक, अपाङ्गता वा मृत्यु वा सम्पत्तिको क्षतिका लागि कुनै तथा सबै दायित्वबाट मुक्त गर्छु भनेर थप सहमति भएको छ ।

साथै, म आफ्नो वा मेरो बच्चाको सहभागिताका सबै ज्ञात तथा अज्ञात जोखिमहरू आफै वहन गर्छु र त्यसको पूर्ण जिम्मेवारी लिन्छु भनेर थप सहमति भएको छ । म कार्यक्रममा सहभागिताको सम्बन्धमा तोकिएका एवं प्रचलित सम्पूर्ण सर्त तथा नियमहरू पालना गर्न पनि सहमत छु । यदि मसँग आफ्नो वा मेरो बच्चाको सहभागिता र/वा कार्यक्रमका बारेमा कुनै पनि चिन्ताका कुराहरू भएमा मैले आफू वा मेरो बच्चालाई सहभागिताबाट हटाउनेछु र Reynoldsburg Parks and Recreation Department लाई सूचित गर्नेछु ।

म Truro Township र City of Reynoldsburg, यसका कर्मचारी, पदाधिकारी, स्वयंसेवक, प्रायोजन गर्ने एजेन्सी, प्रायोजक, विज्ञापनदाता र र लागू हुने भएमा कार्यक्रम सञ्चालन गर्न प्रयोग गरिएका परिसरहरूका मालिक तथा भाडामा दिने व्यक्तिहरूलाई Reynoldsburg मनोरञ्जन कार्यक्रम(हरू), सम्बद्ध कार्यक्रम तथा क्रियाकलापहरू र/वा Truro Township र City of Reynoldsburg द्वारा प्रायोजित कार्यक्रमहरूमा मेरो वा मेरो बच्चाको संलग्नता वा सहभागितासन्बन्धी कुनै पनि घटनाका लागि हर्जाना तिर्ने र त्यसबाट उत्पन्न हुने दायित्वहरूबाट मुक्त राख्ने कुरामा थप सहमत छु । यो सम्झौतामा सहमति जनाउँदै गर्दा म यसैद्वारा मैले यस सहमति सम्झौतामा समावेश नगरिएका बयान एवं कथनहरूद्वारा प्रभावित नभइकन आफ्नो सुझबुझ र ज्ञानका आधारमा स्वेच्छाले आफ्नो निर्णय लिएको हो भनेर प्रमाणित गर्छु ।

______________________________________________

हस्ताक्षर मिति

______________________________________________

कृपया स्पष्ट अक्षरमा आफ्नो पूरा नाम लेख्नुहोस्